मन्त्रीस्तरबाट २०८३।६।२७ गते स्वीकृत

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
भीमहल पुल्चोक, ललितपुर

स्थानीय तहको केन्द्रदेखि वडा केन्द्र जोड्ने सडक विकास कार्यक्रम (कार्यान्वयन) कार्यविधि, २०८३

प्रस्तावना: प्रत्येक नागरिकको आधारभूत सेवामा सहज पहुँचको अधिकार सुनिश्चित गर्न स्थानीय तहको केन्द्रदेखि वडा केन्द्र जोड्ने सडक विकास कार्यक्रम सम्बन्धी आयोजनाको छनोट, लेखाजोखा, विकास, कार्यान्वयन र व्यवस्थापनलाई वस्तुगत मापदण्ड तथा तथ्यमा आधारित बनाई तोकिएको लागत, गुणस्तर र समय सीमामा आयोजना सम्पन्न गरी अधिकतम प्रतिफल प्राप्त गर्ने सम्बन्धी कार्यविधिगत व्यवस्थालाई प्रभावकारी बनाउन बाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्थानीय तहको केन्द्रदेखि वडा केन्द्र जोड्ने सडक विकास कार्यक्रम (कार्यान्वयन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना" भन्नाले स्थानीय तहको केन्द्रदेखि वडा केन्द्र जोड्ने सडक विकास कार्यक्रम अन्तर्गत सञ्चालित सडक वा सडक पूर्वाधारको निर्माण, स्तरोन्नति वा मर्मतसम्भारको कार्य गर्ने आयोजना सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले स्थानीय तहको केन्द्रदेखि वडा केन्द्र जोड्ने सडक विकास कार्यक्रम सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले स्थानीय पूर्वाधार विकास विभाग वा अन्तर्गतका कार्यालय सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) "मर्मतसम्भार" भन्नाले सडकको दीर्घकालीन उपयोगिताका लागि गरिने नियमित, आवधिक र आपतकालीन मर्मत कार्य सम्झनु पर्छ।

(च) "वडा केन्द्र जोड्ने सडक" भन्नाले यस कार्यविधि बमोजिमको कार्यक्रममा छनोट भएका सडक आयोजना सम्झनु पर्छ।

(छ) "विभाग" भन्नाले स्थानीय पूर्वाधार विकास विभाग सम्झनु पर्छ।

परिच्छेद-२

आयोजना पहिचान, छनोट तथा मापदण्ड

अशोक कुमार साह
महानिर्देशक

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
भीमहल पुल्चोक, ललितपुर

३. आयोजनाको पहिचान (१) आयोजनाको पहिचान गर्दा देहायका सबै वा कुनै विषयलाई आधारको रुपमा लिन सकिनेछ।

(क) स्थानीय तहको केन्द्र र वडा केन्द्र जोड्ने सडक,

(ख) वडा केन्द्र जोड्ने छोटो, सुरक्षित वा कम लागत लाग्ने सडक,

(ग) तुलनात्मक रुपमा उच्च प्रतिफल प्राप्त हुने सडक,

(घ) अधिकतम जनसङ्ख्यालाई सेवा पुग्ने सडक।

(२) कार्यालयले उपदफा (१) बमोजिम आयोजना पहिचान गरी अनुसूची-१ मा उल्लिखित विवरण खुलाई विभागमा लेखी पठाउनु पर्नेछ।

(३) कार्यालयले उपदफा (१) बमोजिम गाउँपालिकाको वडा केन्द्र जोड्ने सडक पहिचान गर्नु पर्नेछ।

(४) कार्यालयले उपदफा (१) बमोजिम आयोजना पहिचान गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्न सक्नेछ।

४. आयोजना छनौटः (१) दफा ३ बमोजिम पहिचान भएका सडक र मन्त्रालय एवं विभागमा प्राप्त माग मध्येबाट रणनीतिक महत्व, उपलब्ध स्रोत तथा साधन, भौगोलिक र प्रादेशिक सन्तुलन समेतको आधारमा विभागले आयोजना छनौटका लागि मन्त्रालयमा सिफारिस गर्नेछ।

(२) विभागको सिफारिस बमोजिम आयोजना छनौटको अन्तिम जिम्मेवारी र उत्तरदायित्व प्रचलित कानुन अनुसार मन्त्रालयको हुनेछ।

५. सडक मापदण्ड पालना गर्नु पर्नेः यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा सडक निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार सम्बन्धी प्रचलित कानून तथा नेपाल सरकारबाट स्वीकृत मापदण्ड र निर्देशिकाको पालना गर्नु पर्नेछ।

परिच्छेद -३

बजेट बाँडफाँट, आयोजना कार्यान्वयन तथा मर्मतसम्भार

६. बजेट बाँडफाँट र आयोजनाको कार्यान्वयनः (१) प्राप्त बजेट सिलिङ अनुसार दफा ४ बमोजिम छनोट भएका सडकहरूलाई बजेट बाँडफाँटको लागि विभागले मन्त्रालयमा सिफारिस गर्नेछ।

(२) वार्षिक विकास कार्यक्रममा समावेश भएका आयोजना मध्यमकालीन खर्च संरचनाको सिमा भित्र रही बहुवर्षीय रुपमा कार्यान्वयन गर्न सकिनेछ।

७. सडक मर्मतसम्भारः (१) कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न भएका सडकको मर्मतसम्भार तथा संरक्षणको लागि विभागले सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नेछ।

(२) सम्बन्धित स्थानीय तहले सडक सम्पत्ति व्यवस्थापनको सिद्धान्त अनुसार सडक मर्मतसम्भार गर्ने पद्धतिको क्रमशः विकास गर्नु पर्नेछ।

अशोक कुमार साह
महानिर्देशक

नेपाल सरकार
स्थानीय पूर्वाधार विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
भीमसेन फुन्चोक, ललितपुर

परिच्छेद - ४

विविध

८. <u>प्रविधिको प्रयोग:</u> विभागले कार्यक्रम अन्तर्गतका सडकको एकीकृत तथ्याङ्क प्रणाली विकास गर्न भौगोलिक सूचना प्रणाली (GIS) जस्ता स्थानिक (Spatial) प्रविधिहरुको प्रयोग गर्न सक्नेछ।

९. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

१०. <u>बाधा अड्काउ फुकाउने:</u> यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै द्विविधा वा अस्पष्टता भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

अशोक कुमार साह
महानिर्देशक

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
श्रीमहल पुल्चोक, ललितपुर

अनुसूची– १

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

आयोजना पहिचान सम्बन्धी विवरण

सडकको विवरण:

प्रदेश ..... जिल्ला .....

स्थानीय तहको नाम .....

स्थानीय तहको केन्द्र भएको वडा र स्थानको नाम .....

स्थानीय तहको केन्द्र र वडाको केन्द्र राजपत्रमा प्रकाशित ☐ भएको ☐ नभएको (नभएको भएमा कारण उल्लेख गर्ने .....)

स्थानीय तहको केन्द्र सर्वयाम सञ्चालनयोग्य सडक सञ्जालबाट जोडिएको: ☐ छ ☐ छैन

क्र. सं.	स्थानीय तहको केन्द्रदेखि सडक निर्माण/ स्तरोन्नती गर्नु पर्ने वडा नं र केन्द्र	जम्मा लम्बाई कि.मी.	औसत चौडाई मी.	ग्राभेल सतह भएको खण्ड (कि.मी.)	धुले/माटो सतह भएको खण्ड (कि.मी.)	नयाँ निर्माण प्रस्तावित (कि.मी.)	प्रस्तावित सडकले अन्य वडा केन्द्र समेत समेट्ने भए वडा नं र केन्द्र	लाभान्वित जनसङ्ख्या (सडकले छोएको वडाहरुको कुल जनसंख्या)	प्रस्तावित सडकको अनुमानित लागत (रु. लाखमा)	प्रस्तावित सडकले स्वास्थ्य चौकी, विद्यालय, बजार क्षेत्र, पर्यटकीय स्थल वा कृषि क्षेत्र समेतलाई जोड्ने भए उल्लेख गर्ने	डि.पि.आर भए/नभएको	वातावरणीय अध्ययन भए/नभएको	वडामा लोपोन्मुख वा सीमान्तकृत समुदायमा भए/नभएको	कैफियत
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५
१.														
२.														
३.														

द्रष्टव्य:

(क) महल २ मा प्रस्तावित वडा केन्द्र जोड्ने सडक रेखाङ्कनको GPS Track (KML file) सहितको विवरण पठाउनु पर्नेछ।

(ख) महल ८ मा कुनै एक सडकले दुई वा दुई भन्दा बढी वडा केन्द्र जोड्ने भएमा उल्लेख गर्ने ।

(ग) महल ९ मा सम्बन्धित वडाको केन्द्र जोड्दा अन्य वडा हुँदै जाने सडकमा त्यस वडाको पनि जनसङ्ख्या जोड्ने र समग्र लाभान्वित जनसङ्ख्या उल्लेख गर्ने ।

(घ) महल १३ सडकले स्वास्थ्य चौकी, विद्यालय, बजार क्षेत्र, पर्यटकीय स्थल वा कृषि क्षेत्र समेतलाई जोड्ने भए त्यस्ता क्षेत्रहरुको नाम, वडा खुल्ने गरी लेख्नु पर्नेछ।

अशोक कुमार साह
महानिर्देशक